# मण्डनदेउपुर नगरपालिका


## स्थानीय राजपत्र

खण्ड ९ मण्डनदेउपुर, असार २६ गते, २०८२ साल संख्या २


# भाग १

## मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको विनियोजन ऐन, २०८२

मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

*नगरसभामा प्रस्तुत मितिः २०८२/०३/१०*

*नगरसभाबाट पारित मितिः २०८२/०३/२०*

*प्रमाणीकरण मितिः२०८२/०३/२६*

**प्रस्तावनाः** मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,१७,४८,९६,८८५/०० (अक्षेरुपी रुपैयाँ एक अर्ब सत्र करोड अठ्चालिस लाख छ्यान्नब्बे हजार आठ सय पचासी मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसूची १**

| आ.व.: २०८२/८३ | |
|---|---|
| **शीर्षक** | **आ.व. २०८२/८३ को अनुमान** |
| **आय** | **१,०६,७३,९६,८८५** |
| **राजस्व** | **४७,१७,५९,८८५** |
| **आन्तरिक श्रोत** | **२६,८९,४५,१०८** |
| ११३१३ सम्पती कर | ३,००,००,००० |
| ११३१४ भुमिकर/मालपोत | ६,००,००,००० |
| ११३१७ वहाल कर | ४०,००,००० |
| ११३१८ वहाल विटौरी कर | २,००,००,००० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५३,००,००० |
| १४२४२ नक्सापास दस्तुर | ३,००,००,००० |
| १४२४३ सिफारिश दस्तुर | ७७,००,००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ६०,००,००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २०,००,००० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,००,००,००० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १९,४५,१०८ |
| १४६११ व्यवसाय कर | ८,२०,००,००० |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **२०,२८,१४,७७७** |

| | |
|---|---|
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ३,००,००,००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६,५०,५८,४७० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २,१६,८६,१५७ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,६०,७०,१५० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ५,००,००,००० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **५९,५६,३७,०००** |
| **संघीय सरकार** | **५१,३५,००,०००** |
| १३३११ समानिकरण अनुदान | १०,६०,००,००० |
| १३३१२ शसर्त अनुदान चालु | २५,९७,००,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १३,८७,००,००० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ९१,००,००० |
| **प्रदेश सरकार** | **८,२१,३७,०००** |
| १३३११ समानिकरण अनुदान | १,०६,९३,००० |
| १३३१२ शसर्त अनुदान चालु | ३,३३,४४,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५०,००,००० |
| १३३१४ विषेश अनुदान चालु | ६५,००,००० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,६६,००,००० |
| **व्यय** | **१,१७,४८,९६,८८५** |
| **चालु** | **६१,९०,१५,३०१** |
| २१११२ पारिश्रमिक कर्मचारी | ३१,३८,५५,८८५ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,११,७२,००० |
| २११२१ पोशाक | २२,००,००० |
| २११२३ औषधीउपचार खर्च | ४२,००,००० |
| २११३२ महंगी भत्ता | ३७,२०,००० |

| | |
|---|---|
| २११३४ कर्मचारीको बैठक भत्ता | ६,३०,००० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ७,५४,००० |
| २११३९ अन्य भत्ता | ७,००,००० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ४४,९०,००० |
| २१२१४ कर्मचारी कल्याण कोष | ३३,६०,००० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ५०,००,००० |
| २२१११ पानी तथा बिजुली | ३३,६०,००० |
| २२११२ संचार महसुल | १८,००,००० |
| २२२११ इन्धन (पदाधिकारी) | ९,६०,००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ६१,४३,४१६ |
| २२२१३ सवारी साधन मर्मत खर्च | ६०,००,००० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २२,००,००० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४,००,००० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ४,००,००० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ७०,४४,००० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १०,५०,००० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ६,००,००० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५६,००,००० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ११,००,००० |
| २२४११ सेवा र परामर्श खर्च | २०,००,००० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ८,००,००० |
| २२४१३ करार सेवा शुल्क | ४६,६०,००० |
| २२५११ कर्मचारी तालिम खर्च | १३,००,००० |

| | |
|---|---|
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ८,७३,००० |
| २२५२२ कार्यक्रम खर्च | ११,६०,५६,००० |
| २२५२९ विविध कार्यक्रम खर्च | ४३,५०,००० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | २७,६०,००० |
| २२६१२ भ्रमण खर्च | ५४,००,००० |
| २२७११ विविध खर्च | ५५,६९,००० |
| २२७२१ सभा सञ्चालन खर्च | ८,००,००० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १९,४०,००० |
| २५३१५ अन्य सस्था सहायता | ५,००,००० |
| २६१११ वैदेशिक मुलुकलाई दिइने चालु अनुदान | १७,२२,००० |
| २६४१२ सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई सशर्त चालु अनुदान | ७,०४,९६,००० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १,००,००,००० |
| २७२१३ औषधी खरिद खर्च | १३,६५,००० |
| २८१४२ घरभाडा | ९,००,००० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ६,००,००० |
| २८१४९ अन्य भाडा | १,५०,००० |
| २८२१९ अन्य फिर्ता | ३५,००० |
| **पूंजीगत** | **५५,५८,८१,५८४** |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | १०,००,००० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ११,६८,५०,००० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७,००,००० |
| ३१११४ जग्गा विकास कार्य | ३५,००,००० |
| ३११२१ सवारी साधन | १०,००,००० |

| | |
|---|---|
| ३११२२ मेशिनरी तथा औजार | ४६,००,००० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ९९,५०,००० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १०,००,००० |
| ३११३५ पूँजीगत परामर्श खर्च | १७,५०,००० |
| ३११५१ सडक तथा पूल निर्माण | २४,२२,३१,५८४ |
| ३११५५ सिंचाई संरचना निर्माण | १,२५,००,००० |
| ३११५६ खानेपानी संरचना निर्माण | ९४,५०,००० |
| ३११५७ वन तथा वातावरण संरक्षण | ५५,००,००० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १३,५५,००,००० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,०३,५०,००० |
| **बजेट बचत (+)/न्यून** | **(१०,७५,००,०००)** |
| **गत वर्षको नगद मौज्दात** | **१०,७५,००,०००** |

**आज्ञाले,**
**सुरज श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**

*मुल्य रु. ५ मात्र*